# आ.व.२०७८/०७९ को
# पहिलो नगर कार्यपालिका बैठकका निर्णयहरु

मध्यनेपाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भोर्लेटार, लमजुङ
विक्रम संवत् २०७८ साल असोज ०७ गते

प्रस्तावहरुः

१ नदीजन्य पदार्थको शिलबन्दी दरभाउ पत्र सम्बन्धमा ।

२ चर्दीखोला मोटरेवल पुलको स्विकृत सम्बन्धमा ।

३ बहुवर्षिय योजनाको ठेक्का आह्वान सम्बन्धमा ।

४ प्रदेश सरकारबाट प्राप्त समपूरक अनुदान सम्बन्धमा ।

५ शिक्षक सरुवा सम्बन्धमा ।

६ पारिश्रमिक थप सम्बन्धमा ।

७ कार्यविधि सम्बन्धमा ।

८ पदपूर्ति सम्बन्धमा ।

९ आयोजना बैङ्क अन्तर्गत योजना समावेश गर्ने सम्बन्धमा ।

१०वार्षिक कार्यक्रम पुस्तिका प्रकाशन सम्बन्धमा ।

११ करार कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।

१२ राजपत्र प्रकाशन सम्बन्धमा ।

१३ सूचिकृत बेरोजगार सम्बन्धमा ।

१४ खर्च अनुमोदन सम्बन्धमा ।

१५ तलब सम्बन्धमा ।

निर्णयहरुः

१ प्रस्ताव नं. १ माथि छलफल गर्दा नगर कार्यपालिकाको मिति २०७८/०३/१७ को निर्णय अनुसार २०७८/०५/१७ गते आह्वान भएको शिलबन्दी दरभाउपत्र अनुसार विभिन्न घाट मध्ये मादी नदी रामबजारबाट कोईलेनी खण्डमा दुईवटा तथा एक्कुबार र रिस्ती दोभान खण्डमा एक एक वटा मात्र दरभाउ पत्र पेश भएबाट सार्वजनिक खरीद ऐन अनुसार दरभाउपत्र नपरेकाले प्राविधिक शाखा र कार्यलय प्रमुखबाट पुन दरभाउपत्र आह्वानका लागि निर्णायार्थ नगर प्रमुख समक्ष पेश भएको र नगर प्रमुखबाट कार्यपालिकाको निर्णयको लागि पेश भएकोमा विगतको वर्षमा आह्वान भएका दरभारउपत्रहरुमा निवेदन नपरेको, विभिन्न गाँउ/नगर पालिकाबाट श्रावण महिनामा नै ठेक्का बन्दोवस्त भईसकेको र पुन दरभाउपत्र आह्वान गर्दा पनि बढाबढ हुने आधार नदेखीएकाले विद्युतीय माध्यमबाट गरिएको शिलबन्दी दरभाउपत्रमा मिलेमतोको संभावना नरहेकाले निर्धारित समयमानै परेका दरभाउ पत्रहरु नै स्विकृत गर्ने निर्णय गरियो ।साथै सम्झौता गर्दाको बखत सम्पूर्ण रकम एकमुष्ठ जम्मा गर्ने कम्पनीलाई कूल रकममा १०% छुटको व्यवस्था समेत गर्ने निर्णय गरियो ।

२ प्रस्ताव नं. २ माथि छलफल गर्दा चर्दीखोलाको मोटरबेल पुल निर्माणका लागि गण्डकी प्रदेश भौतिक पूर्वधार विकास निर्देशनालयबाट प्राप्त विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर.) र सो बमोजिको ड्रइङ्ग, डिजाईन, लागत अनुमान (३७०९१४२४.६६/-) स्विकृत गरी बहुवर्षिय योजनाको रुपमा ठेक्का आह्वान गर्ने निर्णय गरियो ।

३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा नगर सभाबाट स्विकृत तपसिल बमोजिमका बहुवर्षिय योजनाको लागत अनुमान, डिजाईन, ड्रइङ्ग स्विकृत गरी ठेक्का आह्वान गर्ने निर्णय गरियो ।

- जितावेसी- वडा कार्यालय सडक कालो पत्रे - लागत स्टिमेट रु २८९२०२५४.५२/-
- भोर्लेटार- बाङ्ग्रेबेसी सडक कालोपत्रे- लागत स्टिमेट रु४९५५७४३१.९८/-
- रामबजार मादीपुल कालोपत्रे- लागत स्टिमेट रु ४७४१४९६६.१९/-
- सोतीपसल पाण्डेगाउ जिताकोट सडक कालोपत्रे- लागत स्टिमेट रु २९४४४७३६.९६/-

४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा प्रदेश सरकारको समपुरक योजनाको रुपमा रहेको सितीखोला सिचाई योजनाको (लागत स्टिमेट रु ९९३१३६६.६६/-) स्विकृत गर्ने निर्णय गरियो ।

५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा मध्यनेपाल नगरपालिका वडा नं. ५ मा रहेको श्री भवानी प्राथमिक विद्यालयमा रिक्त प्राथमिक तहको दरबन्दीमा मर्स्याङ्दी गाँउपालिकास्थित श्री सूर्यज्योती प्राथमिक विद्यालयमा कार्यरत शिक्षक श्री विश्वतारा खनाललाई सरुवा भई आउनका लागि सम्बन्धित विद्यालयहरुको विद्यालय व्यवस्थापन समितिको निर्णय प्रतिलिपीहरु तथा मस्याङ्दी गाँउपालिकाको सहमती पत्र प्राप्त भएकाले निजलाई श्री भवानी प्राथमिक विद्यालयको रिक्त प्राथमिक तहको दरबन्दीमा सरुवा गर्ने निर्णय गरियो ।

६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा सामुदायिक विद्यालयहरुको स्वीकृत कोटामा कार्यरत विद्यालय कर्मचारी तथा बालबिकास सहयोगी कार्यकर्ताहरुलाई आ.व.२०७६/७७ देखि प्रति महिना एक हजारका दरले दिइदै आएको थप रकमलाई आ.व. २०७८/०७९ को साउनदेखि असार मसान्तसम्मको लागि पारिश्रमिक थप र चार्डपर्व रकम प्रति महिना एक हजारका दरले बालविकास शिक्षक र कर्मचारी अनुदानबाट जम्मा १३ महिनाको दिने गरी निरन्तरता दिने साथै सामुदायिक सिकाई केन्द्रका परिचालिकाहरुलाई सिकाई केन्द्रका परिचालिकाहरुका लागि अनुदान शिर्षकबाट मासिक रु एक हजारका दरले थप पारिश्रमिक दिने निर्णय गरियो

७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा बैठकमा पेश भएका देहायका कार्यविधि पारित गर्ने निर्णय गरियो ।

- मध्यनेपाल नगरपालिकाको आयोजना बैङ्क स्थापना सम्बन्धि कार्यविधि, २०७८
- मध्यनेपाल नगरपालिकामा स्वास्थ्य संस्था दर्ता अनुमती तथा नवीकरण सम्बन्धि कार्यविधि, २०७८

८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा सोतीपसल आयुर्वेद औषधालयमा कार्यालय सहयोगी पदको दरबन्दी करारमा कार्यरत चन्द्रावती न्यौपानेलाई नगरपालिका करारमा परिवर्तन गर्ने र सोतीपसल आयुर्वेद औषधालयको रिक्त दरबन्दीमा पदपूर्तिको प्रक्रिया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत रहने योजना बैङ्कमा पहिलो प्राथमिकतामा हाललाई १०६ वटा योजना प्रारम्भिक रुपमा छनोट गरियो ।छनोटमा परेका योजनाको सूची नगरपालिकाको वार्षिक कार्यक्रम पुस्तिका प्रकाशन गर्ने निर्णय गरियो ।

१०प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नगरपालिकाको आ.व.२०७८/०७९ को नीति तथा कार्यक्रम, आय व्यय विवरण, विनियोजन ऐन, आयोजना बैङ्क अन्तर्गत रहने आयोजनाहरुको सूची समावेश भएको नगरपालिकाको वार्षिक कार्यक्रम पुस्तिका प्रकाशन गर्ने निर्णय गरियो ।

११ प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस नगरपालिकाको सेवा करारमा कार्यरत कर्मचारीहरुको मिति २०७८/०३/१७ गतेको कार्यपालिकाको निर्णयमा उल्लेख गर्न छुट भएका तपसिल अनुसारका कर्मचारीहरु दैनिक कामकाजका लागि आवश्यक भएको तथा निजहरुको म्याद मिति २०७८ असार मसान्तमा समाप्त भएकाले सोको म्याद मिति २०७८/०४/०१ गते देखि लागु हुनेगरी २०७८ साल पुष मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

तपसिलः

| सि नं | नाम थर | पद | नियुक्तिको प्रकार | कार्यरत स्थान |
|---|---|---|---|---|
| १ | प्रकाश खनाल | एम.आई.एस.अपरेटर | कार्यक्रम करार | नगरपालिका |
| २ | सन्तोष बगाले | फिल्ड सहायक | कार्यक्रम करार | नगरपालिका |
| ३ | मालती गिरी | कार्यालय सहयोगी | नगरपालिका करार | कोभिड अस्पताल |
| ४ | सुनिता कुमारी | अभयङ्ककर्ता | कार्यक्रम करार | सोतीपसल आयुर्वेद औषधालय |

१२ प्रस्ताव नं. १२ माथि छलफल गर्दा नगरसभा तथा कार्यपालिका बैठकबाट विभिन्न मितिमा पारित भई प्रमाणिकरण भएका ऐन, नियम, कार्यविधि तथा निर्देशिकाहरु राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो ।

१३ प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत रोजगार सेवा केन्द्रबाट आ.व. २०७८/०७९ का लागि EMIS प्रणालीमा सूचीकृत १०५८ बेरोजगारहरुको सूचीलाई स्वीकृत गर्ने निर्णय गरियो ।

१४ प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस नगरपालिकाको २०७७/०७८ को नगरस्तरीय योजनाको वडा नं. ९ मा पर्ने भदौरे नमुना गाँउ कृषि कार्यक्रमका लागि रु १० लाख विनियोजन भई कार्य सम्पन्न प्राविधिक प्रतिवेदन र उपभोक्ता समितिको प्रतिवेदनबाट भुक्तानीका लागि रु ७,१२,३८३.०३/- योजना शाखाबाट पेश भएको टिप्पणीमा आहारा व्यवस्थापनको लागि भएको सम्झौता र त्यसको खर्च नगरप्रमुखबाट कार्यपालिकाबाट अनुमोदन गर्ने गरी सदर भएकोमा उक्त खर्च भुक्तानी अनुमोदन गर्ने निर्णय गरियो ।

१५प्रस्ताव नं. १५ माथि छलफल गर्दा यस नगरपालिकाको पशु सेवा शाखामा कार्यरत सामाजिक परिचालक श्री विकास वि.क. लाई मासिक तलब रु २३ हजार रुपैया र नियमानुसार चाडपर्व र पोशाक भत्ता नगरपालिकाबाट उपलब्ध गराउने निर्णय गरियो ।